[illegible]
फ्याक्स नं. ०७५-५२०३१०

प्रदेश सरकार
लुम्बिनी प्रदेश
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, पाल्पा

तानसेन

डिभिजनल वन अधिकृत (दर्जा)

## प्रस्तावना आव्हान सम्बन्धी बिस्तृत सूचना

दोश्रो पटक प्रकाशित मिति २०७९।०७।१५

यस कार्यालयको चालु आ.व. ०७९/८० को बार्षिक स्विकृत कार्यक्रम अनुसार जडीबुटी तथा गैरकाष्ठ वन पैदावारमा आधारित सामुदायिक उद्यम प्रवर्द्धनमा सहयोग क्रियाकलापको लागि रु. ८ लाख बजेट विनियोजन भएको र यसबाट प्रस्तावनाको आधारमा एक भन्दा बढी पाल्पा जिल्ला भित्रका उद्यमलाई कुल लागतको ७५% सम्म अनुदान उपलब्ध गराउन सकिने हुँदा स्वीकृत कार्यसूची(TOR)मा उल्लेखित शर्त बमोजिम योग्यता पुगेका र नियमानुसार दर्ता भएका ईच्छुक सामुदायिक तथा कबुलियती वन उपभोक्ता समूह, सहकारी संस्था तथा विधिवत दर्ता भएका मान्यता प्राप्त संघ सस्था र समूहबाट यो सूचना प्रकाशन भएको मितीले १५ (पन्ध्र) दिनभित्र तोकिएको ढाँचामा प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । कार्यसूची र अन्य बिस्तृत जानकारी यस कार्यालयको वेबसाईट www.dfopalpa.gov.npबाट प्राप्त गर्न सकिनेछ ।

**शर्तहरु**

- स्विकृत बजेट रु. ८ लाख (कन्टेन्जेन्सी समेत) को अधिन र सिमाभित्र रही प्राप्त प्रस्तावनाहरुको **उपयुक्तता र क्षमताको आधारमा एक भन्दा बढी समूह/संस्थालाई कुल लागतको ७५%सम्म अनुदान रकम उपलब्ध** गराउन सकिनेछ ।
- प्रस्तावना तोकिए बमोजिमको ढाँचामा हुनुपर्नेछ र साथमा रु.१० को टीकट टाँसी आवेदन,संस्था दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र, आ.व. ०७८/७९ को करचुक्ता प्रमाणपत्र, संस्थाको नवीकरण साथै ब्यवसायिक योजना सहितको बिस्तृत लागत अनुमान पेश गर्नुपर्नेछ । उपरोक्त बमोजिम रीत नपुगेका प्रस्तावहरु उपर कुनै कारवाही गरिने छैन । पेश हुन आएका प्रस्तावहरु मध्ये प्रारम्भिक छनौटबाट सफल भएका प्रस्तावदाताहरुलाई मात्र यस कार्यालयबाट सूचना दिईनेछ ।
- अन्य निकायबाट एउटै प्रयोजनको उद्यममा अनुदान प्राप्त गरेका समूह/संस्थालाई सोही प्रयोजनको लागि पुन : अनुदान उपलब्ध गराईने छैन ।
- कार्यसूची (TOR)र प्रस्तावनाको ढाँचा यस कार्यालयको वेबसाईट www.dfopalpa.gov.np बाट प्राप्त गर्न सकिनेछ र सोही ढाँचामा तोकिएको मापदण्ड भित्र रही प्रस्ताव पेश गर्नुपर्नेछ । साथै ईमेल मार्फत प्रस्ताव पेश गर्नुपर्ने भएमा सम्बन्धित समूह/सहकारी/संघसस्थाले paldfo196@gmail.comमा कागजातहरु संलग्न गरी पठाउन सकिनेछ ।

**थप जानकारीको लागि कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।**